नि:शुल्क सीप सिकौं आत्मनिर्भर बनौं

गण्डकी प्रदेश सरकार
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
पोखरा, नेपाल

प.सं. : ०८१/८२

फोन नं. ०६१-४५०५११
ईमेल:vsdtc12@gmail.com

## निशुल्क : रुपमा व्यावसायिक तथा सीप विकास तालिम सञ्चालन हुने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति:२०८२/०१/१६)**

यस केन्द्रबाट चालु आ.व. २०८१/८२ को दोस्रो चौमासिक अन्तर्गतका कार्यक्रमहरु मध्येवाट सञ्चालन गरिने देहाय अनुसारको सीप विकास तालिम नि:शुल्क रुपमा यस केन्द्रद्वारा सञ्चालन गरिने हुँदा तपसिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले प्रथम पटक प्रकाशित भएको सूचनाका मितिले १५ दिन (२०८२/०१/३०) भित्र रित पूर्वकको आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>१.स्थानीय तहमा संचालन हुने तालिमहरु :</u>**

<table>
<tr><th>क्र.सं.</th><th>तालिमको विषय</th><th>आवश्यक संख्या</th><th>तालिम अवधि</th><th>शैक्षिक योग्यता</th><th>फाराम पाईने तथा बुझाउने एवम् संचालन हुने स्थान</th><th>अन्तर्वार्ता मिति र समय</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>मकैको भुत्ला तथा केराको रेशाबाट तयार गरिने हस्तकलाका सामान बनाउने तालिम</td><td>२० जना</td><td rowspan="3">१५ कार्यदिन (७५ कार्यघण्टा)</td><td rowspan="4">कक्षा ८ उत्तीर्ण</td><td>पोखरा म.न.पा.३ कास्कीको कार्यालय सम्पर्क नं. ९८४६०६१९९३,९८५६०४८५१७</td><td>२०८२/०२/०१ गते बिहान १०:०० बजे</td><td></td></tr>
<tr><td>२.</td><td>वाद्यवादन तालिम</td><td>२० जना</td><td>पुतलीबजार न.पा.१, स्याङ्जा सम्पर्क नं. ९८५६०५२१५२, ९८५६०२२३९५,९८५६०५२०१७</td><td>२०८२/०२/०२ गते बिहान १०:३० बजे</td><td></td></tr>
<tr><td>३.</td><td>कृषि हलो (मिनि टिलर) मर्मत तालिम</td><td>२० जना</td><td>व्यास न.पा.५, तनहूँ सम्पर्क नं. ९८४६११४०४७</td><td>२०८२/०२/०८ गते बिहान १०:३० बजे</td><td></td></tr>
<tr><td>४.</td><td>बाजा बजाउने तालिम</td><td>२० जना</td><td>३० कार्यदिन (१५० कार्यघण्टा)</td><td>फेदीखोला गा.पा.१, स्याङ्जा सम्पर्क नं. ९८६६६०७५४६,९८५६०१७९५१</td><td>२०८२/०२/०४ गते बिहान १०:३० बजे</td><td></td></tr>
</table>

<u>आवेदन फाराम साथ संलग्न राख्नुपर्ने कागजातहरु :</u>

१. प्रशिक्षार्थी आवेदन फारम भर्न नेपाली नागरिकताको प्रतिलिपि १ प्रति फोटो र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखि मिति २०८२/०१/३० गते भित्र सम्बन्धित पालिका तथा तोकिएको स्थानमा उल्लेखित कागजात सहित आवेदन फारम पेश गर्नुपर्नेछ
२. दलित, अपाङ्ग, शहिद परिवार, विपन्न, द्वन्द्व पिडित, बैदेशिक रोजगारबाट फर्किएका र एकल महिलालाई बिशेष प्राथमिकता दिइनेछ।
३. तालिम लिन ईच्छुक उम्मेद्वारको उमेर १८-४० वर्षको हुनुपर्ने तथा प्रशिक्षार्थी छनौट अन्तर्वार्ताद्वारा गरिनेछ ।
४. तालिम संचालनका लागि आवश्यक तालिम सामाग्री, तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक कार्यालयबाट उपलब्ध गराईनेछ।
५. उपरोक्त तालिमहरुमा तोकिएका आवेदकहरुको संख्या नपुगेमा तालिम संचालन गर्ने, नगर्ने अधिकार केन्द्रमा निहित हुनेछ ।
६. थप जानकारीको लागि ९८५६०६४५११ मा सम्पर्क गर्न सकिन्छ ।

२०८२/१/१६
डिल्लीराज सुवेदी
(नि.केन्द्र प्रमुख)
नि.केन्द्र प्रमुख